शुद्धोदन गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः१०　　　　संख्याः९　　　　मितिः२०८२/१०/२९

**भाग —२**

शुद्धोदन गाउँपालिका

मानपकडी, लुम्बिनी प्रदेश

**महिला तथा बालिका बिरुद्ध हुने हिंसा सम्बोधनका लागि सिफारिस प्रणाली सम्बन्धी निर्देशिका, २०८२**

**महिला तथा बालिका बिरुद्ध हुने हिंसा सम्बोधनका लागि सिफारिस प्रणाली सम्बन्धी निर्देशिका, २०८२**

**पृष्ठभूमि :**

महिला तथा बालिका विरुद्ध हुने हिंसा हाम्रो समाजमा अझै पनि सामाजिक, सांस्कृतिक, आर्थिक र संरचनात्मक हिसाबले गहिरो रूपमा जरा गाडेको समस्या हो । यस्ता हिंसात्मक घटनाले महिलाको आत्मसम्मान, अधिकार र सुरक्षित जीवनको हकमा गम्भीर असर पार्ने भएकाले, पीडित महिला तथा बालिकाको पुनर्स्थापना, पुनःएकीकरण र सशक्तीकरण राज्य र स्थानीय तह दुवैको साझा दायित्व बनेको छ ।

यसै परिप्रेक्ष्यमा, हिंसाबाट प्रभावित महिला तथा बालिकाहरूलाई केन्द्रमा राख्दै उनीहरूको आवश्यकता अनुसार छरितो, सुलभ र प्रभावकारी रूपमा मनोसामाजिक परामर्श, सुरक्षा र संरक्षण, स्वास्थ्य सेवा, कानूनी सहयोग, सीपमूलक तालिम, आत्मनिर्भरता प्रवर्द्धन, शिक्षामूलक सहयोग, रोजगारी पुनर्स्थापना, पारिवारिक पुनर्मिलन र सामाजिक पुनःएकीकरणका सेवा तथा सहयोग उपलब्ध गराउने उद्देश्यले "महिला तथा बालिका विरुद्ध हुने हिंसा समाधानका लागि सिफारिस प्रणाली सम्बन्धी निर्देशिका, २०८२" तयार गरिएको हो ।

यो निर्देशिका शुद्धोदन गाँउपालिकाको कार्यपालिका बैठकबाट स्वीकृत भई गाँउपालिकामा प्रयोगमा ल्याइएको छ । यो निर्देशिकाले हिंसा प्रभावित व्यक्तिहरूलाई समयमै, समन्वित रूपमा र गोपनीयता कायम राखी सेवा प्राप्त गर्न सहयोग पुऱ्याउने व्यवस्था सुनिश्चित गरेका छन् ।

नेपालले महिला अधिकारको प्रवर्द्धन र संरक्षणका लागि अन्तर्राष्ट्रिय रूपमा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (CEDAW), साथै संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्का प्रस्तावहरू नं. १३२५ र १८२० (UNSCR 1325 र 1820) मा गरिएका प्रतिबद्धताहरूलाई आत्मसात् गरेको छ । यसका साथै, नेपालको संविधानको भाग ३८ मा महिलाको अधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित गर्दै लैङ्गिक समानतामुखी शासन प्रणालीको प्रत्याभूति गरिएको छ ।

त्यसैगरी, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पनि स्थानीय तहलाई लैङ्गिक हिंसा रोकथाम, पीडित संरक्षण, पुनर्स्थापना तथा न्यायमा पहुँच सुनिश्चित गर्ने जिम्मेवारी प्रदान गरेको छ । सो ऐनको परिच्छेद १५ र दफा १०२ का उपदफा (१२) र (१३) ले स्थानीय तहलाई हिंसा प्रभावित व्यक्तिलाई सम्बन्धित सेवा प्रदायक निकायमा सिफारिस गरी आवश्यक सेवा प्राप्त गराउने अधिकार स्पष्ट रूपमा निर्दिष्ट गरेको छ ।

उक्त कानुनी र नीतिगत आधारमा, शुद्धोधन गाउँपालिकाले आफ्नो कार्यक्षेत्रभित्र महिला तथा बालिका विरुद्ध हुने हिंसाका घटनाहरूको रोकथाम, व्यवस्थापन, उपचार, पुनर्स्थापना र दीर्घकालीन समाधान सुनिश्चित गर्न विभिन्न सरकारी र गैरसरकारी निकायहरूबीच सहकार्य र समन्वय सुदृढ गर्ने उद्देश्यले "महिला तथा बालिकामाथि हुने हिंसा सम्बोधनका लागि सिफारिस प्रणाली सम्बन्धी निर्देशिका" तयार गरेको छ ।

यस निर्देशिकाको मूल उद्देश्य हिंसाबाट प्रभावित महिला तथा बालिकाहरूलाई सहज, छरितो, सुरक्षित र गोपनीय रूपमा सेवा, सहयोग र पुनर्स्थापना सुविधा उपलब्ध गराई उनीहरूको सम्मानजनक र सुरक्षित जीवन सुनिश्चित गर्नु हो ।

१ .संक्षिप्त नाम र प्रारम्भ :

(१) यस निर्देशिकाको नाम "महिला तथा बालिका विरुद्ध हुने हिंसा समाधानका लागि सिफारिस प्रणाली सम्बन्धी निर्देशिका, २०८२" रहन्छ ।
(२) यो निर्देशिका शुद्धोदन गाँउपालिकाको कार्यपालिकाबाट पारित भएको मितिबाट लागू हुनेछ ।

२: परिभाषा .

विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस निर्देशिकामा प्रयोग भएका शब्दको परिभाषा यस प्रकार हुनेछः

(क) “महिला तथा बालिका विरुद्ध हुने हिंसाबाट प्रभावित व्यक्ति” भन्नाले कुनै पनि प्रकारका हिंसाबाट पिडित/प्रभावित महिला तथा बालिकालाई जनाउँछ, जसमा शारीरिक, मानसिक, यौनजन्य, सामाजिक, आर्थिक वा सांस्कृतिक आधारमा हुने हिंसाबाट प्रभावित तथा पीडित व्यक्ति भन्ने बुझिन्छ।

(ख) “सिफारिस प्रणाली वा सम्प्रेषण प्रणाली” भन्नाले महिला तथा बालिका विरुद्ध हुने हिंसाबाट प्रभावित व्यक्तिलाई समयमै, सुरक्षित र प्रभावकारी सेवासुविधा प्रदान गर्न एउटा सेवा प्रदायकबाट अन्य सम्बन्धित सेवा प्रदायकमा थप सेवा /सहयताको लागि पठाउने प्रक्रिया भन्ने बुझिन्छ।

(ग) “घटना व्यवस्थापक" भन्नाले घटनालाई दर्ता गर्ने र घटनाको व्यवस्थापन गर्ने व्यक्ति भन्ने बुझिन्छ।

(घ) “प्राथमिक सेवा प्रदायक” भन्नाले घटनाको प्रारम्भिक लेखाजोखा गरि पिडित/प्रभावित महिला तथा बालिकालाई तत्काल आवश्यक सेवा तथा सुविधा उपलब्ध गराउने निकाय तथा संरचना भन्ने बुझिन्छ।

(ङ) “सिफारिस कर्ता वा आधिकारिक व्यक्ति” भन्नाले घटनालाई दर्ता गर्ने वा घटनालाई औपचारिक रूपमा व्यवस्थापन गर्न सिफारिस गर्ने आधिकारिक व्यक्ति भन्ने बुझिन्छ।

३: निर्देशिकाको उद्देश्य .

क. महिला तथा बालिका विरुद्ध हुने हिंसाका घटनाहरूको समाधानका लागि सहजरूपमा कार्य गर्न सिफारिस प्रणालीको व्यवस्था गर्नु।

ख. स्थानीय स्तरमा कार्यरत निकायहरूलाई परिचालन गरी एकीकृत रूपमा हिंसा पिडित/प्रभावित व्याक्तिलाई छिटो छरितो सहयोगात्मक सेवासुविधा प्रदान गर्नु ।

ग. हिंसाबाट प्रभावित व्याक्तिलाई तत्कालीन र दीर्घकालीन आवश्यकता अनुसार सहयोग पुऱ्याउनु ।

घ. हिंसाबाट पिडित/प्रभावित व्याक्तिलाई छिटो छरितो र सहज रूपमा सहयोग पुऱ्याउन सम्बद्ध निकायहरूबीच समन्वय स्थापना गर्नु।

ङ. विशेष गरि महिला र बालिका विरुद्ध हुने हिंसाबाट पिडित/प्रभावित व्याक्तिहरुको अधिकारको संरक्षणका लागि उच्च प्राथामिकता साथ क्रियाशिल रहनु ।

४. प्रमुख सवाल

शुद्धोदन गाउँपालिकामा महिला तथा बालिका विरुद्ध भएका वा हुन सक्ने हिंसा संग सम्बन्धित सवालहरुः

४.१ घरेलु हिंसा

शारीरिक यातनाः कुटपिट गर्ने,गैर कानुनी थुनामा राख्ने, शारीरिक चोट पुर्याउने, तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ छर्किई वा सो पदार्थले पोली, डामी, दलि, घसी जीउमा पीडा पुर्याउने वा अनुहार वा शरीरको कुनै अंग कुरुप गरिदिने वा यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य ।

मानसिक यातनाः शारीरिक यातनाको डर, धाक, धम्की देखाउने, त्रासपुर्ण व्यवहार गर्ने, गालि गलौज गर्ने, झुट्टा आरोप लगाउने, घरबाट निकाला गर्ने, वैचारिक, धार्मिक, सांस्कृतिक, प्रथा, परमपरा, यौनिक अभिव्यक्ति, अपांगता वा उमेरका आधारमा भेदभाव गर्ने, रुप रंग तथा शारीरिक बनावट तथा कुनै रोग लागेको आधारमा अपमान गर्ने,मानसिक तनाव दिने, आत्महत्या गर्न दुरुत्साहन गर्ने वा आत्महत्या गर्ने परिस्थिति खडा गर्ने कार्य ।

यौनजन्य यातनाः यौन जन्य प्रकृतिको दुर्व्यवहार, जबरजस्ति करणी, अपमान, हतोस्साह वा आत्म सम्मानमा चोट पुर्याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्य ।

आर्थिक यातनाः संगोल वा निजी सम्पत्तिको प्रयोग गर्ने र रोजगारी बाट वञ्चित गर्ने, आर्थिक स्रोत माथि नियन्त्रण तथा स्रोत र साधनको पहुँच वा प्रयोग गर्न वञ्चित गर्ने कार्य ।

४.२ यौन दुर्व्यवहार/जबरजस्ति करणीः मञ्जुरी बिना करणीका आशायले समातेमा वा निजको संवेदनशील अंग छोएमा वा छुन प्रयास गरेमा, निजको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेम, निजले लगाउने भित्री पोशाक लगाउन वा फुकाल्न कुनै किसिमले बाधा अवरोध गरेमा वा निजलाई अस्वाभाविक रुपमा कुनै एकान्त ठाऊँमा लगेमा, यौन सम्बन्धी आफ्नो अंग निजलाई छुन, समाउन लगाएमा, निजसंग अश्लिल प्रकारको शब्द मौखिक, लिखित वा संकेतिक रुपमा वा विधुतिय माध्यमबाट प्रयोग गरेमा, अश्लिल चित्र वा तस्विर देखाएमा, यौनका उदेश्यले जिस्काएमा वा हैरानी दिएमा वा निजसंग अस्वाभाविक, अवाञ्छित वा अमर्यादित व्यवहार गर्ने कार्य।

४.३ बालविवाहः

बीसबर्ष नपुग्दै वा कानुनले तोकेको उमेर भन्दा पहिला विवाह गर्ने गराउने कार्य ।

४.४ दाईजो प्रथाः

कानुन विपरीत विवाहमा नगद तथा जिन्सी समान लिनेदिने कार्य ।

४.५ बोक्सीको आरोपः

कुनै पनि व्याक्तिलाई बोक्सो वा बोक्सीको आरोप लगाउने तथा आरोपित व्यक्तिहरुलाई क्रुर, अमानविय वा अपमानजनक व्यवहार गर्ने, बोक्सीको आरोपमा घरबाट निकाला गर्ने, मलमुत्र खुवाउने, चारपाटा मोड्ने, कुटपिट गर्ने कार्य ।

४.६ मनव बेचविखन तथा ओसार पसारः

कुनै पनि उदेश्यले महिला तथा बालबालिका किन्ने वा बेच्ने, कुनै प्रकारका फाईदा लिई वा नलिई जबरजस्ति यौन व्यवसायमा लगाउने, प्रचलित कानुन विपरित मानिसको अंग झिक्ने र मानिसलाई विदेशमा लैजाने वा प्रलोभनमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा मञ्जुरी बिना नेपालभित्र वा विदेशमा लैजाने वा अरु कसैलाई दिने कार्य।

४.७ साईवर अपराधः

विद्धुतिय माध्यमद्वारा मानिसलाई अश्लिल शब्द प्रयोग, चित्र प्रदर्शन, धम्की, गाली गलौच, हैरानी दिने, सामाजिक सञ्जालमा चरित्र हत्या सम्बन्धी सामाग्री प्रशारण गर्ने कार्य ।

४.८ बालश्रमः

कानुनले तोकेको उमेर नपुग्दै करकाप र जबरजस्ती रुपमा काममा लगाउनु ।

५. सिफारिस प्रणाली अन्तर्गत उपलब्ध गराईने सेवाका क्षेत्रहरु र जिम्मेवार निकायहरुः

यस शुद्धोधन गाउँपालिका अन्तर्गत महिला तथा बालिका विरुद्ध हुने हिंसा प्रभावित व्यक्तिको संरक्षणका लागि यस सिफारिस प्रणाली अन्तर्गत निम्न बमोजिमका क्षेत्रहरुमा आवश्यक सेवाहरु उपलब्ध गराईने छ । साथै उक्त सेवाको लागि सम्भावित सेवा प्रदायकहरु निम्नानुसार रहनेछन्-

५.१ सिफारिस प्रणाली अन्तर्गत उपलब्ध गराउने प्रमुख सेवाहरु

क) मनोसामाजिक विमर्श वा सहायता ।

ख) सुरक्षा, संरक्षण र आवास सेवा ।

ग) चिकित्सा सेवा वा सहायता ।

घ) कानुनी सेवा वा सहायता ।

ङ) सीपमुलक तालिम तथा व्यवसाय सञ्चालन सहयोग ।

च) शिक्षामा सहयोग ।

छ) दुर्व्यसन पुनः स्थापनामा सहयोग ।

ज) उद्दार तथा पुनःस्थापना एंव पुनःएकिकरण सेवा ।

झ) प्रेषण सेवा।

ञ) प्राथामिक उपचार सेवा।

५.२ सिफारिस प्रणालीका सहयोग क्षेत्रका मुख्य जिम्मेवारीहरु :

५.२.१ मनोसामाजिक सेवा वा सहायता :

• मानसिक स्वास्थ्यबारे जानकारी प्रदान गर्नु ।
• मनोविमर्श सेवा दिनु।
• भावनात्मक सहायता र सशक्तिकरण गर्नु।
• पिडित/प्रभावित व्यक्तिका नजिकको सम्पर्कमा रहने र उनीहरुलाई सक्दो सहायता, सहानुभूति र गोपनियता सुनिश्चित गर्नु ।

५.२.२ सुरक्षा, संरक्षण र सुरक्षित आवास सेवा :

• पिडित/प्रभावित व्यक्ति र संरक्षकको सुरक्षा र संरक्षण गर्नु।
• घटनाको अनुसन्धानमा सहयोग गर्नु ।
• सुरक्षाको सुनिश्चितताका लागि आशंका गरिएको दोषीलाई पक्राउ गर्न पहल गर्नु ।

• पिडित/प्रभावित व्यक्ति कानुनी प्रक्रिया अगाडी बढाउन चाहेमा आवश्यक प्रक्रिया शुरु गर्नु ।
• पिडित/प्रभावित व्याक्तिलाई आवश्यक परे सुरक्षित आवास गृह सेवा उपलब्ध गराउनु ।
• आवश्यक परे वैकल्पिक सुरक्षित आवास गृह उपलब्ध गराउनु ।
• व्यक्तिगत सुरक्षा योजना निर्माण गर्ने ।
• आवश्यकता अनुसार प्रेषण गर्ने।

५३.२. चिकित्सक सेवा वा सहायता :
• पिडित/प्रभावित व्यक्तिको शारीरिक तथा मानसिक परीक्षण तथा मेडिकल रिपोर्ट तयार गरी सुरक्षित राख्ने ।
• यौन रोगहरू जस्तै यौन प्रसारित रोग (आई.टी.एस), एच पोष्ट एक्सपोजर) भी एड्सको परीक्षण तथा रोकथाम गर्ने.आई. (प्रोफाइलेक्सिस।
• अनिच्छित गर्भपतन गर्ने ।
• घाउ चोटपटकको उपचार गर्ने ।
• मानसिक आघातमा परेका व्यक्तिहरुलाई प्रभावकारी उपचार तथा मनोविमर्श सेवा दिने ।
• उपयुक्त सेवा सुविधा पाइने ठाउँमा प्रेषण गर्ने ।
• अदालतले चाहेको समयमा पिडित/प्रभावित व्यक्तिबारे चिकित्सकसँग सम्बन्धित निष्कर्ष अदालतमा स्पष्ट रुपमा भन्ने।
• पिडित/ प्रभावित व्यक्तिको निरन्तर हेरचाह गर्ने ।

५.२.४ कानुनी सेवा वा सहायता :
• पिडित/प्रभावित व्यक्तिलाई मुद्दा अगाडि बढाउनुको फाइदा तथा अवरोधहरुको बारेमा राम्ररी बुझाउने ।
• पिडित/प्रभावित व्यक्तिलाई न्यायिक प्रक्रियामा लाग्ने समय, खर्च, प्राप्त गर्ने न्याय, हुन सक्ने हार जितका विषयमा स्पष्ट रुपमा बुझाउने ।
• पिडित/प्रभावित व्यक्ति र साक्षी दुवैलाई कानुनी सल्लाह र सहायता दिने ।
• आवश्यकता अनुसार निःशुल्क कानुनी सहायता उपलब्ध गराउने ।

५.२.५ सीपमूलक तालिम तथा व्यवसाय सञ्चालन सहयोगः
• पिडित/प्रभावित व्यक्तिको आवश्यकता अनुसार सीपमूलक तालिम प्रदान गर्ने।

• पिडित/प्रभावित व्यक्तिको आवश्यकता पुरा गर्न अन्य सीपमूलक तालिम तथा बिउपुँजी दिनसक्ने संस्था वा निकायको खोजी गर्ने।

• पिडित/प्रभावित व्यक्तिको आत्मनिर्भरताकोलागि रोजगारमूलक आयआर्जनका क्रियाकलापका लागि सहयोगको खोजी गर्ने।

५.२.६ शैक्षिक सहयोग
• पिडित/प्रभावित व्यक्ति स्वयमलाई तथा तिनका बालबालिकालाई शैक्षिक सहयोग वा सिफारिस गर्ने ।

५.२.७ पुनर्स्थापना सहयोग
• महिला तथा बालिका विरुद्ध हुने हिंसाका कारण दुर्व्यसनीमा लागेका व्यक्तिहरुलाई पुनर्स्थापन गर्नलाई आवश्यक पहल गर्ने ।
५.२.८ उद्धार तथा पुनर्स्थापना एवं पुनःएकीकरण सेवा।
• महिला तथा बालिका विरुद्ध हुने हिंसाबाट पिडित/प्रभावित व्यक्तिको उद्धार गर्न समन्वय गर्ने ।
• पारिवारिक, सामाजिक तथा सामुदायिक पुनर्स्थापना एवं पुनःएकीकरण गर्न आवश्यक सहयोग गर्ने ।

६. लक्षित समूह

• सबै किसिमका महिला तथा बालिका विरुद्ध हुने हिंसाबाट पिडित/प्रभावित व्यक्तिहरु ।

• विशेष गरी महिला तथा बालिका विरुद्ध हुने हिंसाका कारण जोखिमयुक्त परिस्तिथिमा रहेका वेवारिसे एवं शारीरिक तथा मानसिक रुपमा अशक्त जेष्ठ नागरिक, महिला तथा बालबालिकाहरु ।

• महिला तथा बालिका विरुद्ध हुने हिंसाबाट पिडित/प्रभावित भई मानसिक स्वास्थ्यमा गम्भीर समस्या उत्पन्न भएको कारणले घर, सडक, सार्वजनिक स्थानमा असुरक्षित तथा वेवारिसे अवस्थामा रहेका व्यक्ति ।

• हिंसा प्रभावित यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिहरु ।

७ शुद्धोदन गाउँपालिका तहमा विद्यमान संयन्त्र तथा संघ संस्थाहरु र तिनिहरुको सेवाको नक्शांकनः यस पालिका अन्तर्गत महिला तथा बालिका विरुद्ध हुने हिंसा पिडित/प्रभावित व्यक्तिका लागि मनोसामाजिक सेवा वा सहायता, सुरक्षा र संरक्षण, चिकित्सक सेवा वा सहायता, कानुनी सहायता, शैक्षिक सहायता, सीपमूलक तालिम तथा आयआर्जन सहयोग, उद्धार तथा पुनर्स्थापना र पारिवारिक पुनःएकीकरणका लागि सहयोग प्रदान गर्न अनुसुची १ मा सहयोगी निकायहरुको नक्शांकन उल्लेख गरिएको छ र यो नक्शांकन वार्षिक रुपमा अद्यावधिक गरिनेछ ।

**६. सेवा प्रदायकको भूमिका**

महिला तथा बालिका विरुद्ध हुने हिंसा पिडित/प्रभावित व्यक्तिको घटना व्यवस्थापन अन्तर्गत स्याहार योजनाको खाका तयार गरी घटना व्यवस्थापकलाई उपलब्ध गराउनु तथा पिडित/प्रभावित व्याक्तिलाई आवश्यक सेवा जुटाउन सहजिकरण गर्नुका साथै उपलब्ध सेवाप्रदान गर्न, पिडित/प्रभावित व्याक्तिलाई तत्काल संरक्षण दिन र परिवार तथा समाजमा पुनर्स्थापना गर्ने गराउने कार्यको लागि प्राथमिक सेवाप्रदायक छनौट गरी सम्झौता गरिनेछ । उक्त प्राथामिक सेवा प्रदायक संघ संस्था वा व्यक्तिहरु आवश्यकता अनुसार थपघट गरिनेछ। यस गाउँपालिका अन्तर्गत छनौट गरिएका प्राथमिक सेवा प्रदायकहरु अनुसूची २ मा उल्लेख गरिएको छ ।

**७. शुद्दोदन गाउँपालिका स्तरको महिला तथा बालिका विरुद्ध हुने हिंसा न्यूनीकरणको सम्बोधन संयन्त्र**

**७.१. शुद्दोदन गाउँपालिका स्तरीय संयन्त्र**

महिला तथा बालिका विरुद्ध हुने हिंसा पीडित/प्रभावित व्यक्तिको आवश्यकता सम्बोधनको लागि **शुद्धोदन गाउँपालिका** स्तरमा देहाय बमोजिमको एक सम्प्रेषण संयन्त्र गठन गरिने छः

| क्षेत्र | नाम | पद | फोन न |
|---|---|---|---|
| उपाध्यक्ष, न्यायिक समितिको संयोजक | शान्तादेवी ज्ञवाली | संयोजक | **9857084579, 9847034307** |
| प्रमुख, प्रशासन शाखा | | सदस्य | |
| प्रमुख, कानुन तथा न्याय शाखा | | सदस्य | |
| प्रमुख, जन स्वास्थ्य शाखा | | सदस्य | |
| प्रमुख, शिक्षा तथा खेलकुद शाखा | | सदस्य | |
| प्रमुख, सामाजिक विकास शाखा | | सदस्य | |
| प्रमुख, महिला, बालबालिका शाखा | | सदस्य | |
| प्रतिनिधी, महिला तथा किशोरी सञ्जाल | | सदस्य | |
| प्रतिनिधि, सेफ हाउस सञ्चालक | | सदस्य | |

| | | | |
|---|---|---|---|
| प्रतिनिधी, दुर्व्यसनी पुनर्स्थापना केन्द्र | | सदस्य | |
| प्रतिनिधि, यस पालिकामा कार्यरत गैर सरकारी संघ संस्थाहरु | | सदस्य | |
| अस्पताल/OCMC (लुम्बिनी प्रादेशिक अस्पताल | | सदस्य | |
| प्रतिनिधी, प्रहरी प्रसाशन | | सदस्य | |
| प्रतिनिधी, घटना व्यवस्थापक | | सदस्य | |

***स्पष्टिकरणः***

क) प्राथमिक सेवा प्रदायक: सकेसम्म गाउँपालिकामै सुरक्षा आवास तथा पुनर्स्थापना केन्द्र स्थापना गरिने छ, सो स्थापना नहुदा सम्म न्यायिक समितिलाई प्राथमिक सेवा प्रदायकको रुपमा मानिनेछ ।

ख) सम्प्रेषणः पालिकाको आन्तरिक संयन्त्रबाट समाधान नहुने घटनाको व्यवस्थापन गर्दा संप्रेषण प्रणाली मार्फत गरिने छ।

ग) आधिकारिक व्यक्ति वा निर्णयकर्ता: न्यायिक समितिसँग सम्बन्धित आधिकारिक व्यक्ति

## ८.२ महिला तथा बालिका विरुद्ध हुने हिंसा सम्बोधनका लागि सम्प्रेषण संयन्त्रको काम, कर्तव्य र अधिकार

क) घटनाको पहिचान तथा दर्ता: अटना सम्प्रेषण भै आए पछि घटना व्यवस्थापकले व्यक्तिगत केस दर्ता गर्दा गरी फाइल खडा गर्नुपर्छ र प्रमाणिकरणका लागि स्थायी संयन्त्रसम्म पठाउनु पर्ने छ। यो प्रक्रिया प्रभावितको सूचित सहमतीमा हुनुपर्ने छ र प्रत्येक चरणमा पीडितको सुरक्षा र गोपनीयतालाई ध्यान दिनुपर्ने छ ।

ख) पिडित/प्रभावित र परिवारलाई सहयोग: पालिका आफैले सबै सेवा दिन नसकेको अवस्थामा सम्प्रेषण सन्जाल भित्रका सदस्य संस्था वा व्यक्तीको सहयोग लीई यो कार्यका लागि छुट्याइएका प्राथमिक सेवा प्रदायकलाई तोक्ने ।

ग) तालिमः प्राथमिक सेवा प्रदायक संस्थाहरूलाई एक ठाउमा बोलाई सम्प्रेषण प्रणाली र जिम्मेवारीको बारेमा तालिम दिनुपर्नेछ ।

घ) स्थायी योजना निर्माण: लेखाजोखा र स्थायी योजनाको खाकाको आधारमा निर्णयका लागि Case Conference बोलाइनेछ । उक्त केस कन्फरेन्समा ३ जना पीडित, परिवारका सदस्य र सम्बन्धित सेवा प्रदायकलाई बोलाइनेछ र स्थायी योजनालाई अन्तिम रूप दिइनेछ । उक्त कन्फ्रेन्स गोप्य हुनेछ ।

घ) स्थायी योजनाको कार्यान्वियन: स्थायी योजनाको कार्यान्वियन प्राथमिक सेवा प्रदायकले गर्नेछ ।

ङ) स्थायी योजनाको समीक्षा: स्थायी योजनाको समीक्षा घटना व्यवस्थापकले गर्नेछ । यदि स्थायी योजनाले प्रभावकारी रुपमा काम गर्न नसकेको भए फेरी केस कन्फरेन्स बोलाएर योजनालाई परिमार्जन गरिनेछ ।

च) समापन: घटना व्यवस्थापकको प्रतिवेदनको आधारमा केसको समापन गरिनेछ ।

## ८.३ सिफारिस प्रणाली

महिला तथा बालिका विरुद्ध हुने हिंसाबाट प्रभावित व्याक्तिलाई आवश्यकताअनुसार तत्काल सहयोग पुर्‍याउन शुद्धोधन गाउँपालिकामा यो सिफारिस प्रणाली स्थापित गिएको हो अतः आफ्नै पालिका स्तरमा स्थापित घटना संप्रेषण संयन्त्र अन्तर्गत निम्न सेवाको लागि सिफारिस गरिनेछ । यदि शुद्धोधन गाउँपालिकामा प्रयाप्त सेवा उपलब्ध नभएमा तिलोत्तमा

नगरपालिकामा कार्यरत तथा बुटवलमा कार्यरत अन्य संस्थाबाट सेवा उपलब्ध गराइने छ। हिंसा प्रभावित व्यक्तिलाई उपलब्ध गराइने सेवाहरू निम्नानुसार छन।

- मनोसामाजिक सेवा वा सहायता ।
- सुरक्षा / संरक्षण सहायता ।
- सुरक्षा वास
- चिकित्सा सेवा वा सहायता ।
- कानुनी सेवा वा सहायता ।
- सीप मूलक तालिम वा आयआर्जन सहयोग ।
- शिक्षामा सहयोग,
- पारिवारिक तथा सामाजिक पुनःमिलन र पुनःएकीकरण ।

**८.३.१ मनोसामाजिक सेवा र सहायता**

• सुरक्षा तथा संरक्षण प्रदान ।
• औषधोपचार सेवा ।
• कानुनी परामर्श सेवा ।
• जीविकोपार्जन सहयोग ।
• शैक्षिक सहयोग ।
• पुनःस्थापन सेवा पुनःमिलन, पुनःएकीकरण ।

**८.३.२ मनोसामाजिक स्याहारः**

शुद्धोदन गाउँपालिकामा पुनःस्थापन केन्द्र स्थापना गरी सोही केन्द्रबाट मनोसामाजिक स्याहार प्रदान गर्ने ।

**८.३.३ निरन्तर मनोसामाजिक सेवा समन्वय कार्यः** समुदाय तथा परिवारमा पुनःस्थापन, थप औषधी उपचार सम्बन्धी सेवा, कानुनी सहायता सम्बन्धित निकायसँग समन्वय पहुँच, व्यवसायका लागि प्राविधिक सहयोग र बजारिकिकरण, थप शैक्षिक सहयोग, पारिवारिक तथा सामाजिक पुनःस्थापन, पुनःएकीकरण गर्ने ।

**८.४ सम्पर्क व्यक्ति (Focal Person) तोकिनेछ**

संयन्त्रको सम्पर्क व्यक्ति शुद्धोदन गाउँपालिकामा अन्तर्गतको महिला, बालबालिका तथा जेठ नागरिक शाखाको तोकिएको व्यक्ति हुनेछ । साथै प्राथमिक सेवा प्रदायकहरूले समेत सम्पर्क व्याक्ति तोकि शुद्धोदन गाउँपालिकाको सम्बन्धित शाखालाई जानकारी गराउनु पर्नेछ ।

**९. बजेट व्यवस्थापन**

सिफारिस संयन्त्रको लागि आवश्यक पर्ने श्रोत र साधनको व्यवस्था शुद्धोदन गाउँपालिकाले आफै र सम्बन्धित निकायहरु मार्फत गराउन सक्ने छ ।

अनुसुची १

सेवा प्रदायक निकायहरुको नक्शांकन

| क्र. स. | कार्यलय, संस्था वा संयन्त्रको नाम ठेगाना | प्रदान गरिने सेवा | सेवा अवधि | सम्पर्क व्याक्ति | सम्पर्क नम्बर | ईमेल |
|---|---|---|---|---|---|---|
| | शुद्धोधन गाउँपालिका | शिक्षा, तालिम, मनोविमर्श | निरन्तर | | | |
| | OCMC (लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल | स्वास्थ्य उपचार | | | | |
| | साथी सन्जाल | | | | | |
| | सिर्जनशील संस्था नेपाल | मनोविमर्श, सुरक्षा बास | | | | |
| | बिद्यालय | शिक्षा | | | | |
| | क्यामपस | शीक्षा | | | | |
| | महिला सन्जाल, समुह | | | | | |
| | नेपाल प्रहरी | सुरक्षा, कानुनी उपचार | | | | |
| | | सीप मूलक तालिम वा आयआर्जन सहयोग । | | | | |
| | | कानुनी सेवा वा सहायता । | | | | |
| | | पारिवारिक तथा सामाजिक पुनःमिलन र पुनःएकीकरण । | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनुसुची २

प्राथामिक सेवा प्रदायक निकायहरुको विवरण

| क्र.स. | कार्यलय, संस्था वा संयन्त्रको नाम ठेगाना | प्रदान गरिने सेवा | सेवा अवधि | सम्पर्क व्याक्ति | सम्पर्क नम्बर | ईमेल |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

**अनुसूची ३**
**सेवा वा सहयोग सिफारिस फाराम**

घटना दर्ता नम्बर: ................................ **सिफारिस मिति:** ........................

**१. सिफारिस गरिएको संस्था / निकाय:**
संस्था / निकायको नाम: ....................................................
ठेगाना: ...................................................................................
...................................................................................

यस फाराममा उल्लिखित विवरण अनुसार प्रभावित व्याक्तिलाई  आवश्यक सहयोग र सेवा उपलब्ध गराउनका लागि उक्त संस्था/निकायमा सिफारिस गरिएको छ।

नाम: ................................................ लिङ्ग: .....................
उमेर: ................................................

उल्लिखित प्रभावित प्रतीको सहयोग र सेवा समाप्त नभएसम्म निरन्तर अनुगमन गरी प्रतिवेदन पठाउन हुन अनुरोध गरिन्छ।

**२. प्रभावितको विवरण:**

स्थायी ठेगाना: ............. गाउँ / नपा ............ वडा ............ टोल: ....................
जिल्ला: ................................

हालको ठेगाना: ............. गाउँ / नपा ............ वडा ............ टोल: ....................
जिल्ला: ................................

प्रभावितका लागि परिवारका सम्पर्क व्यक्ति: ....................................... परिवारको सम्पर्क व्यक्तिको नाम:
................................................... **सम्पर्क फोन नम्बर:** ............................
**ठेगाना:** ...............................................................

**३. घटनाको संक्षिप्त विवरण:**
.....................................................................................................................
.....................................................................................................................

प्रभावितको हालको शारीरिक, मानसिक, स्वास्थ्य तथा संरक्षणको अवस्था / स्थिति

.............................................................................................................

.............................................................................................................

सिफारिस गरिएको सेवा, सहयोग तथा कारवाही (तालिका हेरेर भर्नु)

आपत्कालिन सहयोग र तत्काल कार्य आवश्यक: छ ☐ छैन ☐

.............................................................................................................

**संलग्न कागजातहरू:**

.............................................................................................................

.............................................................................................................

**४. सिफारिस गर्ने:**

नाम: ....................................................... पद: ..............................

आवद्धता: ......................................................

हस्ताक्षर: .............................. मिति: ............................

**५. सिफारिस बुझिलिनेको:**

नाम: ....................................................... नाता: ..............................

पद: .......................................................

हस्ताक्षर: .............................. मिति: ............................

अनुसुची ४

पिडित वा पिडितको पक्षबाट निवेदन फारम

मितिः ..................................

श्री प्रमुखज्यू,

शुद्धोदन  गाँउपालिकाको कारयलय ।

विषयः आवश्यक सहयोग गरिदिने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा...............................पालिका, वडा नं .............निवासी.................................................को सन्तान, वर्ष............को म/मेरो........................श्री....................................................................................................................................

(संक्षिप्त घटना विवरण र , महिला तथा बालिका विरुद्ध भएको हिंसाको प्रकृति लेख्ने)  तपशील अनुसारको सहयोगको आवश्यकता भएकाले सहयोग गरी दिनुहुन अनुरोध गर्दछु ।

२) मानोसामाजिक सहयोग २) सुरक्षा वा संरक्षणसेवा ३) स्वास्थ्योपचार ४) कानुनी सहयाता ५) सीपमुलक तालिम वा आयआर्जन सहयोग ६) दुर्व्यसनी पुनःस्थापना केन्द्र ७) पारिवारिक वा सामुदायीक पुनः एकिकरण

संलग्न कागजातहरुः

निवेदक

नामः
ठेगाना
दस्तखत
मिति

अनुसुची ५

दर्ता रजिष्टरको नमुना खाका

| क्र. स. | सिफारिस गरिएको व्याक्तिको नाम | कोड नं. | लिङ्ग | जातजाती | वडा नं. र टोलको नाम | सिफारिस गरि पठाउने निकाय | हिंसाको प्रकार | पिडितको हालको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |

प्रमाणीकरण मिति :- २०८२/०९/२२

आज्ञाले
लेख बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत